# बेसीशहर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

## नदीजन्य पदार्थको विक्रीका लागि सिलबन्दी दरभाउ-पत्र आव्हान सम्बन्धी सूचना

### (दोस्रो पटक प्रकाशित मितिः २०८१।०४।११)

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ६२ क र यस बेसीशहर नगरपालिका क्षेत्र भित्रका नदीजन्य पदार्थको व्यवस्थापन तथा उपयोग सम्बन्धी कार्यविधि २०७४ को व्यवस्था बमोजिम तपशिलमा उल्लेखित नदिहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ संकलन गरी यस नगरपालिकाले तोकेको दरमा विक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७९।८० को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही सिलबन्दी दरभाउ-पत्र प्रकियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| सि. नं. | सूचना नं./ सिलबन्दी दरभाउ-पत्र नं. | सिलबन्दी दरभाउ-पत्रको नाम | संकलन क्षेत्र/ वडा नं. | उत्खनन् परिणाम (घन मिटर) | न्यूनतम सिलबन्दी दरभाउ-पत्र रकम (सेवा शुल्क र मू.अ.कर बाहेक) | धरौटी रकम | सिलबन्दी दरभाउ-पत्र दस्तुर(रु.) |
|---|---|---|---|---|---|---|---|
| १ | Besishaharmun/ Revenue/SQ/ 081/82/01 | खासुर अक्कर खण्ड | तालखोला देखि भाचोकखोला दोभान सम्म (वडा नं. १०) | ५,००० | १५,९०,०००। | कबोल अंकको ५ प्रतिशत | १,०००। |
| २ | Besishaharmun/ Revenue/SQ/ 081/82/02 | भोटेफाँट खण्ड | भाचोक खोलादेखि बाँभ्काखेत मोटरेवल पुलसम्म (वडा नं. १०) | ७५० | २,४०,०००। | कबोल अंकको ५ प्रतिशत | १,०००। |
| ३ | Besishaharmun/ Revenue/SQ/ 081/82/03 | ल्याण्डफिल्ड खण्ड | बाँभ्काखेत मोटरेवल पुल देखि ल्याण्डफिल्ड मुनि घुम्ती सम्म (वडा नं. ८) | १,५०० | ४,८०,०००। | कबोल अंकको ५ प्रतिशत | १,०००। |
| ४ | Besishaharmun/ Revenue/SQ/ 081/82/04 | रानीकुवा टापु मुनिको खण्ड | मरनघाट माथिको खण्ड देखि आपचौरको पुल सम्म (वडा नं. ३) | २,५०० | १२,००,०००। | कबोल अंकको ५ प्रतिशत | १,०००। |
| ५ | Besishaharmun/ Revenue/SQ/ 081/82/05 | आँपचौर खण्ड | आँपचौरको पुल देखि दक्षिण तर्फ आँपचौर मुनिको भाग (वडा नं. १०) | १,२५० | ४,५०,०००। | कबोल अंकको ५ प्रतिशत | १,०००। |
| ६ | Besishaharmun/ Revenue/SQ/ 081/82/06 | भकुण्डे बोहराबेसी खण्ड | बोहरा बउर मुनिको भाग (वडा नं. २) | ५६२.५ | १,८०,०००। | कबोल अंकको ५ प्रतिशत | १,०००। |

चेतनाथ अर्याल
प्रमुख प्रशासकीय अधिकृत

# बेसीशहर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | Besishaharmun/ Revenue/SQ/ 081/82/07 | भकुण्डे सिसौघारी खण्ड | भकुण्डे सिसौघारी मुनि देखि मन्दिर माथिको भाग (वडा नं. २) | ७५० | २,५०,०००। | कबोल अंकको ५ प्रतिशत | १,०००। |
| ८ | Besishaharmun/ Revenue/SQ/ 081/82/08 | कडेनी खण्ड | सिमलको रुख मुनिको घुम्ती देखि तल क्रसर उद्योग मुनि पारीपट्टीको भाग (वडा नं. ११) | ३,००० | ९,५५,०००। | कबोल अंकको ५ प्रतिशत | १,०००। |
| ९ | Besishaharmun/ Revenue/SQ/ 081/82/09 | गैरी वगरघाट | उदिपुरको झोलुङ्गे पुल देखि साँधखोला सम्म (वडा नं.१ र ११) | ७५० | २,५०,०००। | कबोल अंकको ५ प्रतिशत | १,०००। |
| १० | Besishaharmun/ Revenue/SQ/ 081/82/10 | त्रिवेणी घाट | मर्स्याङ्दी नदी र दोर्दी खोलाको दोभान क्षेत्र (वडा नं. ११) | २,७०० | ८,६०,०००। | कबोल अंकको ५ प्रतिशत | १,०००। |
| ११ | Besishaharmun/ Revenue/SQ/ 081/82/11 | नाल्मा मिदिम खोला क्षेत्र | राम्चे खोला देखि हाँडीखोला हुँदै मिदिम खोलाको नाल्मा खण्ड (वडा नं. ५) | ७५० | २,४०,०००। | कबोल अंकको ५ प्रतिशत | १,०००। |

**शर्तहरु:**

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७९।८० को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, सिलबन्दी दरभाउ-पत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको वा राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय बेसीशहरमा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता नं. ग-१-१ ३०४०१००३०१०१०००२ मा नगद जम्मा गरी यो सूचना प्रकाशन भएको मितिले १६ औं दिनको दिउँसो १२:०० बजे भित्र (मितिः२०८१।०४।२७) सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट www.bolpatra.gov.np बाट सिलबन्दी दरभाउ-पत्र सम्वन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ । तोकिएको सिलबन्दी दरभाउ-पत्र दस्तुर यस कार्यालयको बैंक खातामा माथि उल्लेखित खाता नं. मा जम्मा गरेको भौचरलाई सिलबन्दी दरभाउ-पत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ । सिलबन्दी दरभाउ-पत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।

२. सिलबन्दी दरभाउ-पत्र सम्वन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमां स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । सिलबन्दी दरभाउ-पत्र को मान्य अवधि बोलपत्र खोलिने मितिबाट ४५ दिनको हुनुपर्नेछ । आफुले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन

चेतनाथ अर्याल
प्रमुख प्रशासकीय अधिकृत

आउने धरौटी रकम राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय बेसीशहरमा रहेको यस कार्यालयको धरौटी खाता नं. ग-३ ३०४०१००३०३००००२ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा सिलबन्दी दरभाउ-पत्र नं. र नाम उल्लेख गरी सिलबन्दी दरभाउ-पत्र खोलिने मिति बाट ७५ दिनको म्याद सहित जारी गरिएको विड बण्ड साथ अपलोड गर्नु पर्नेछ ।

३. सिलबन्दी दरभाउ-पत्र फाराममा उल्लेख भएका सबै विवरणहरु भरी दरभाउ-पत्रदाताले प्रत्येक पानामा सही छाप गरी फर्मको नाम, ठेगाना, कामको विवरण, सिलबन्दी दरभाउ-पत्र विवरण, प्रोप्राइटरको नाम, ठेगाना, फोन नं, मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२:०० बजे भित्र (मिति:२०८१।०४।२७) सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट www.bolpatra.gov.np मा विद्युतीय प्रति अपलोड गर्नु पर्नेछ ।

४. रितपूर्वक पर्न आएका सिलबन्दी दरभाउ-पत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको (मिति: २०८१।०४।२७) १:०० बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै दरभाउ-पत्रदाता वा निजको प्रतिनिधि सिलबन्दी दरभाउ-पत्र खोल्ने समयमा उपस्थित नभएमा पनि सिलबन्दी दरभाउ-पत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य विदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

५. प्रि-विड बैठक यो सूचना प्रकाशित मितिले ७ औं दिन दिनको १:०० बजे (मिति:२०८१।०४।१८) यस नगरपालिकाको कार्यालयमा हुनेछ । ईच्छुक दरभाउ-पत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ । उक्त दिन बिदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

६. सिलबन्दी दरभाउ-पत्र सम्बन्धी विस्तृत जानकारी सिलबन्दी दरभाउ-पत्र फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । रीत नपुगी वा शर्तसहित पेश हुन आएका सिलबन्दी दरभाउ-पत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । सिलबन्दी दरभाउ-पत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७. सिलबन्दी दरभाउ-पत्र स्वीकृत भएमा सोको सूचना पाएको वा सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र मू.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता बापत ५० प्रतिशतले हुने रकम र आफुले कबोल गरेको अंकको नियमानुसार थप १३ % भ्याट रकम र आयकर तथा अन्य तिर्नु बुझाउनु पर्ने रकम र करहरु समेत यस कार्यालयमा जम्मा गरी सम्झौताका लागि उपस्थित हुनुपर्नेछ । कबोल अंकको पुरै रकम बुझाउने भएमा न्यूतम सिलबन्दी दरभाउ-पत्र अंक बाहेकको रकममा १० प्रतिशत छुट दिइनेछ । दोस्रो किस्ता बापतको ५० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा २०८२ साल असोज मसान्त सम्म म्याद सहित जारी गरिएको

चेतनाथ अर्याल
प्रमुख प्रशासकीय अधिकृत

# बेसीशहर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बेसीशहर, लमजुङ

गण्डकी प्रदेश, नेपाल

बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) पेश गरे पश्चात मात्र ठेक्का सम्झौता गरिनेछ । दोस्रो किस्ता बापतको रकम २०८१ साल चैत मसान्त भित्र बुझाइ सक्नुपर्नेछ अन्यथा बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) बाट अशुल उपर गरिनेछ ।

८. तोकिएको म्यादभित्र सम्झौता गर्न नआएमा सिलबन्दी दरभाउ-पत्र पेश भएको बखत राखिएको धरौटी रकम (विड वण्ड) जफत गरी नियमानुसार सिलबन्दी दरभाउ-पत्र बन्दोवस्त गरिनेछ ।

९. सूचना नं./सिलबन्दी दरभाउ-पत्र नं.: Besishaharmun/Revenue/SQ/081/82/08, (सिलबन्दी दरभाउ-पत्रको नाम: कडेनी खण्ड) को हकमा संकलन गरिने क्षेत्रको नदी किनारा बाट १० मिटर सम्मको भागमा नदीजन्य सामाग्री संकलन कार्य गर्न पाईनेछैन ।

१०. प्रचलित नियमानुसार कालो सुचीमा परेका र नगरपालिकालाई बुझाउनु पर्ने बाकी बक्यौता भएका व्यक्ति, फर्म तथा कम्पनीहरुले पेश गरेका सिलबन्दी दरभाउ-पत्र फाराम उपर कुनै कारवाही हुने छैन ।

११. यस सुचनामा उल्लेख भएका शर्तहरु ठेक्काको सम्झौता प्रयोजनका लागि अभिन्न अंगको रुपमा मानिने छन् । यस सूचनामा उल्लेख भएको विषय यसै सूचना बमोजिम र यस सूचनामा उल्लेख नभएको हकमा प्रचलित ऐन, नियम बमोजिम हुनेछ । अन्य सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१२. यस नगरपालिकाका खोला तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परीमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, ढुङ्गा, गिटी, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ (पहिलो संशोधन, २०७९ समेत), वातावरण संरक्षण ऐन तथा नियमावली, यस बेसीशहर नगरपालिका क्षेत्र भित्रका नदीजन्य पदार्थको व्यवस्थापन तथा उपयोग सम्बन्धी कार्यविधि, २०७४, यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय प्रतिवेदन (IEE) २०८०, नदीजन्य निर्माण सामाग्री उपयोग सम्बन्धमा भएका अध्ययन प्रतिवेदन एवं अन्य प्रचलित कानूनहरु सम्झौताको लागि अभिन्न अंग मानिनेछ ।

चेतनाथ अर्याल
प्रमुख प्रशासकीय अधिकृत

(नोट: विस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट www.bolpatra.gov.np वा कार्यालयको वेवसाईट www.besishaharmunicipality.gov.np मा हेर्न सकिनेछ तथा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ ।